# बैठक नं. ४०

आज मिति २०७५ मंसिर १९ गते बुधबार दिउँसो ३ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. २ स्थित नगरपालिकाको सभाकक्षमा वसी देहाय बमोजिमको उपस्थिति भयो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सदस्य सचिव | श्री निरन्जन श्रेष्ठ | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानीयाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ब.ले.अ. | श्री सानुबाबु परियार | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईँ | |

निर्णय नं.१

यस नगरपालिकाको वडा नं. ३, ४ र ९ स्थित जग्गामा प्रस्तावित ढल्पा-सल्यानस्थान जग्गा एकीकरण आयोजनाको LP DPR सम्वन्धी मिति २०७५/०५/२२ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार प्रकृया अघि बढि रहेकोमा हालसम्म पनि सो सम्वन्धी बजेट (वित्तिय) स्रोतको सुनिश्चितता नभएकोले सो सम्वन्धी सम्पुर्ण प्रकृयाहरु रद्द गर्ने निर्णय गरियो।साथै वित्तिय स्रोतको सुनिश्चितता भएपछि पुनःसो सम्वन्धि प्रकृया अघि वढाउने समेत निर्णय गरियो ।

निर्णय नं.२

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदनहरु मध्ये "घ" वर्गको व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्बन्धि कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/फर्महरुलाई "घ" वर्गको निमार्ण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| सि.न. | फर्मको नाम | ठेगाना, र प्रोपाईटरको नाम |
|---|---|---|
| १ | भ्वमी निर्माण सेवा | कीर्तिपुर ३, ढल्पा, ज्योति कुमार महर्जन |
| २ | ए एण्ड एस निर्माण सेवा | कीर्तिपुर ५, पाँगा, अमित महर्जन |
| ३ | एस एण्ड एस निर्माण सेवा | कीर्तिपुर ९,बाहिरीगाँउ, साजन महर्जन |
| ४ | अल्ट्रा ईन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | कीर्तिपुर ६, चोभार, विष्णु प्रसाद पकुवाल |

निर्णय नं.३

यस नगर कार्यपालिकाद्वारा स्वीकृत नगर खेलकुद सञ्चालन सम्वन्धी कार्यविधि, २०७५ को परिच्छेद - ५ दफा १५ मा निम्नानुसार थप गर्ने निर्णय गरियो ।

"च) माथि जुन सुकै कुरा उल्लेख भएता पनि नगर क्षेत्रको खेलकुद प्रवर्द्धन र उन्नयनका लागि नगर कार्यपालिकाले गरेको निर्णय अनुसार सहयोग (आर्थिक तथा भौतिक) र कार्यक्रम आयोजना गर्न सकिनेछ । "

निर्णय नं.४

यस नगरपालिका क्षेत्रका अपांगता भएका व्यक्तिहरुलाई सो सम्वन्धी परिचय पत्र वितरण गर्ने कार्यलाई सरल, सहज र प्रभावकारी बनाउन "कीर्तिपुर नगरपालिका अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५" उपर बृहत छलफल गरी स्वीकृत गर्ने निर्णय गरीयो ।